बैठक संख्या -१२ (बाह्र)

आज मिति २०८३ साल बैशाख २२ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री वाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CS CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला बि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

**छलफलका विषयहरु:**

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा ।
२. विभिन्न योजनाहरुको म्याद थप सम्बन्धमा ।
३. GECI Audit को Report प्रस्तुतिकरण सम्बन्धमा ।
४. रा.न.पा-८ को हाटेचौर र रा.न.पा.३ को साँघुटार बजार व्यवस्थापनमा थप बजेट माग सम्बन्धमा।
५. लिखु करिडोर निर्माणका लागि थप बजेट माग सम्बन्धमा ।
६. स्थानीय पाठ्यपुस्तक स्वीकृत गर्ने सम्बन्धमा ।
७. आयोजना/कार्यक्रम संशोधन सम्बन्धमा ।
८. सार्वजनिक जवाफदेहिता कार्यविधिका सम्बन्धमा ।
९. जनप्रतिनिधि/कर्मचारीहरुको आचारसंहिता सम्बन्धमा ।

(लवश्री न्यौपाने)
प्रमुख

CamScanner

निर्णय नं.१

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिकाको ठेक्का नं. RM/02-081-082 को साउने बोलङबोलङ बरबोट सडक स्तरोन्नती र ठेक्का नं. RM/04-081-082 को मानेडाँडा सिमन्ती राताटार हर्दिनी मरिनघाट सडक स्तरोन्नती कार्यको लागि रामेछाप नगरपालिका र श्री K & S-LAWANG JOINT VENTURE काठमाडौं बीच मिति २०८१/११/०५ मा भएको सम्झौताको म्याद २०८२/०३/१५ मा समाप्त भई मिति २०८२/०३/२४ गतेको कार्यपालिकाको निर्णयानुसार ६ महिनाको लागि पहिलो पटक म्याद थप भएकोमा तोकिएको म्याद थपको अवधि भित्र कार्य सम्पन्न हुन नसकी २०८२/०९/०६ गतेको कार्यपालिकाको निर्णयानुसार २०८२/१२/१३ सम्म दोस्रो पटक पुनः म्याद थप भएकोमा Zen Z आन्दोलन, अन्तरिम सरकार गठन, प्रतिनिधि सभाको निर्वाचन लगायतका कारण कामदार अभाव हुन गएकोले पुनः म्याद थपको लागि सम्बन्धित ठेकेदारबाट मिति २०८२/११/१५ मा यस कार्यालयमा निवेदन प्राप्त भएको विषयमा छलफल हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा-५६ एवम् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम उक्त निर्माण कार्यको म्याद थपको लागि कानून बमोजिम कार्य सम्पादन जमानत, विमा तथा संशोधित कार्यतालिका लगायतका आवश्यक कागजात र प्रमाणहरु सम्बन्धित निर्माण व्यवसायीसँग माग गरी मिति २०८३ साल असार १५ गतेभित्र कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने र सो अवधि भित्र कार्य सम्पन्न नभएमा म्याद थप नगरी सार्वजनिक खरिद ऐन,२०६३, नियमावली,२०६४ र अन्य प्रचलित कानून बमोजिम आवश्यक कार्वाही प्रक्रिया अघि बढाउने निर्णय गरियो।

निर्णय नं. ३

रामेछाप नगरपालिकाको ठेक्का नं. RM/22-079-080 को मलागिरी शान्ति योगाश्रम निर्माण कार्यको लागि रामेछाप नगरपालिका र श्री एस रामेछाप कन्स्ट्रक्सन प्रा.लि.रामेछाप-८, रामेछाप बीच मिति २०८०/०६/३० मा भएको सम्झौताको म्याद २०८१/०८/३० मा समाप्त भई निर्माण व्यवसायीको माग बमोजिम नगर कार्यपालिकाको मिति २०८१/१०/१३ गतेको निर्णयानुसार मिति २०८२/०३/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा पुनः २०८०/०६/०५ गतेको निर्णयानुसार २०८२/०९/३० गते सम्मं दोस्रो पटक म्याद थप भएकोमा Zen- Z आन्दोलनका कारण कामदार अभाव भएको देखाई ठेक्का म्याद थपको लागि सम्बन्धित निर्माण व्यवसायीबाट मिति २०८२/०९/१३ मा परेको निवेदनका सम्बन्धमा छलफल हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा-५६ एवम् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम उक्त निर्माण कार्यको म्याद थपको लागि कानून बमोजिम कार्य सम्पादन जमानत, पेश्की सम्बन्धी जमानत, विमा तथा संशोधित कार्यतालिका लगायतका आवश्यक कागजात प्रमाणहरु सम्बन्धित निर्माण व्यवसायीसँग माग गरी मिति २०८३ साल असार १५ गते सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने र सो अवधि भित्र कार्य सम्पन्न नभएमा म्याद थप नगरी सार्वजनिक खरिद ऐन,२०६३, नियमावली,२०६४ र अन्य प्रचलित कानून बमोजिम आवश्यक कार्वाही प्रक्रिया अघि बढाउने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ४**

रामेछाप नगरपालिकाले आर्थिक वर्ष ०८१/०८२ मा तर्जुमा गरेको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहले नगरवासीको सामाजिक एवं आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा विश्लेषण गर्ने उदेश्यले मध्यपुर न.पा.-३, भक्तपुर स्थित हेल्पिङ ह्याण्ड्स कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लिसँग भएको सम्झौता बमोजिम तोकिएको कार्य सम्पन्न गरी पेश गरेको आ.व. ०८१/०८२ को सामाजिक परीक्षण (Social Audit) प्रतिवेदन र लैङ्गिक परीक्षक श्री जीवन कुमार श्रेष्ठसँग भएको सम्झौता बमोजिम आ.व.०८०/०८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) प्रतिवेदन माथि आवश्यक छलफल भई उल्लेखित दुवै प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रामेछाप नगरपालिकाको प्राकृतिक, सांस्कृतिक, भाषिक एवं ऐतिहासिक विषयवस्तुहरुका साथै स्थानीय ज्ञान, सीप, पेशा व्यवसाय र विपद व्यवस्थापन जस्ता विविध विषयक्षेत्रलाई समेटेर शिक्षा सरोकारवालाहरुको सहभागितामा मस्यौदा लेखन समितिबाट तयार गरिएको आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम- २०७६ परिमार्जन सहित स्वीकृत गर्ने र सो पाठ्यक्रम नगर भरका विद्यालयहरुमा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

रामेछाप नगरपालिकाको आ.व ०८२/०८३ को वडा स्तरीय स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहाय अनुसारका योजना/कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| वडा नं | विनियोजित योजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| १ | विषादी खरिद | ४०,०००।- | निलडाँडा वडा कार्यालय चण्डीडाँडा सडक मर्मत | २,१५,०००।- |
| | विद्यालयलाई खेलकुद सामग्री खरिद | १,२५,०००।- | | |
| | मसार सिंचाई ट्याङकी मर्मत | ५०,०००।- | | |
| २ | सिंचाई कार्यक्रम | ९०,०००।- | देउराली फलाटे कृषि सडक मर्मत तथा स्तरोन्नती | २,३०,०००।- |
| | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमको रु.२१५,००० बाट | ८०,०००।- | | |
| | स्थानीय लोकगित कला संस्कृती संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | ४०,०००।- | | |
| | साँघुटार भलिवल प्रतियोगिता आयोजना सहयोग | २०,०००।- | | |
| | सवारी साधन मर्मत रु.१६०,००० बाट | १,००,०००।- | विविध | १,००,०००।- |
| ५ | सवारी साधन मर्मत खर्च | १,२०,०००।- | जनता मा वि सरस्वती मन्दिर निर्माण साझेदारी | १,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | | थप | |
| | | | खर्क विसौना सडक मर्मत | २०,०००।- |
| | इन्धन | १,०५,०००।- | कञ्चन खानेपानी सडक निर्माण | ५०,५०००।- |
| | | | बालकन्या खानेपानी सरसफाई उपभोक्ता समिति | ५०,०००।- |
| ६ | दारिमबोट सडक निर्माण | १,५०,०००।- | दारिमबोट सिढी निर्माण | १,५०,०००।- |
| | ठूलाधारा होदिलमा ट्रस तथा प्रतिक्षालय निर्माण | १,२५,०००।- | गोलेखोला स्कीम नं.२ खानेपानी व्यवस्थापन | १,२५,०००।- |
| ८ | किसान परिचयपत्र वितरण | १,००,०००।- | खानेपानी लाईन व्यवस्थापन | १,००,०००।- |
| | खानेपानी ट्याङ्की निर्माण भोर्ले | १,५०,०००।- | सिंचाई ट्याङ्की निर्माण भोटेटार | १,५०,०००।- |

**निर्णय नं.७**

रामेछाप नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धी र त्यसले पारेको आर्थिक, सामाजिक प्रभावको मूल्यांकन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उदेश्य प्राप्तिको सुनिश्चितता गरी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्ने सन्दर्भमा प्रस्तावित **रामेछाप नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८३** माथि आवश्यक छलफल गरी कार्यपालिका समक्ष पेश गर्न विद्यायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

रामेछाप नगरका नागरिकहरुलाई नजिकबाट गर्नुपर्ने सेवा प्रवाह र स्थानीय आवश्यकता बमोजिम विकास निर्माणका कार्यलाई अझ बढी स्वतन्त्र, निष्पक्ष, वस्तुनिष्ठ, समन्यायिक, सन्तुलित, पारदर्शी र प्रभावकारी बनाउने उदेश्यले नगरपालिकाका कर्मचारीहरुले पालना गर्नुपर्ने पदीय एवं पेशागत आचरणका सम्वन्धमा प्रस्तावित **रामेछाप नगरपालिकाको कर्मचारी आचार संहिता,२०८३** माथि आवश्यक छलफल गरी कार्यपालिका समक्ष पेश गर्न संस्थागत तथा सुशासन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ०९**

स्थानीय सरकारलाई जनताको विश्वासिलो शासकीय इकाईका रुपमा स्थापित गर्न, स्थानीय सरकारबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृति प्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानूनी राज्य र संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित, सन्तुलित तथा पारदर्शी वितरण गर्न रामेछाप नगरपालिकाबाट निर्वाचित जनप्रतिनिधि (पदाधिकारी) हरुको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित बनाउने सन्दर्भमा प्रस्तावित **रामेछाप नगरपालिकाका जनप्रतिनिधि (पदाधिकारी) आचार संहिता,२०८३** माथि छलफल गरी कार्यपालिका समक्ष पेश गर्न विद्यायन समितिमा पठाउने निर्णय गरियो ।

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

लवश्री न्यौपाने
नगर प्रमुख

निर्णय नं. १०

रामेछाप नगरपालिका क्षेत्र भित्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गिकरण गर्ने प्रयोजनको लागि भू-उपयोग ऐन,२०७६ को दफा ५ को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अद्यावधिक गर्ने सन्दर्भमा प्रस्तावित **रामेछाप नगरपालिकाको भू-उपयोग क्षेत्र तथा वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु** माथि छलफल गरी कार्यपालिका समक्ष पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ११

रामेछाप नगरपालिकामा सूचना प्रविधि अधिकृत (अधिकृत स्तर छैठौं) पदमा कार्यरत श्री दिपक कुमार श्रेष्ठले स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि,२०८२ बमोजिम अधिकृतस्तर सातौं तह कायम गरिपाउन निवेदन पेश गर्नु भएको सन्दर्भमा छलफल हुदाँ उक्त कार्यविधिको दफा ६ को उपदफा १ बमोजिम निजलाई अधिकृत स्तर सातौं तहमा सम्झौता गरी कामकाजमा लगाउने र सेवा सुविधाको हकमा कार्यविधिको दफा ६ को उपदफा ३ बमोजिम ७५% रकम प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम(PLGSP) बाट र २५% रकम नगरपालिकाबाट वेहोर्ने निर्णय गरियो।

निर्णय नं. १२

चालु आर्थिक वर्ष २०८२/०८३ को समानीकरण अनुदान तर्फ रामेछाप र साँघुटार बजारमा कृषि हाटबजार व्यवस्थाका लागि ट्रस्ट निर्माण गर्ने कार्यमा विनियोजित रु.१५,००,०००।-(पन्ध्र लाख) र संघीय ससर्त अनुदान तर्फ स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रममा विनियोजित रु.२०,००,०००।-(बीस लाख) बजेटबाट ठेक्का बन्दोवस्त भई निर्माण कार्य सञ्चालन भई रहेकोमा दुवै हाट बजारमा साविकमा रहेका पुराना जिर्ण टहराहरु पूर्ण रुपले विस्थापित गरी हाटवजार व्यवस्थापन गर्न थप रु.१,००,००,०००।- (एक करोड) बजेट आवश्यक रहेकोले कृषि विभाग, बजार विकास निर्देशनालय हरिहरभवन, ललितपुरमा माग गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. १२

लिखु करिडोर अन्तर्गत फुन्द्री खोला देखि लर्खु खोला सम्मको सडक स्तरोन्नती (कालोपत्रे समेत) कार्यका लागि पूर्वाधार विकास कार्यालयले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन(DPR)बमोजिम आवश्यक वजेट व्यवस्थापन गरी निर्माण कार्यलाई निरन्तरता दिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

........................
भोलाप्रसाद थापागाई
प्रमखु प्रशासकीय अधिकृत

भोला प्रसाद थापागाई
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार रामेछाप
बागमती प्रदेश,नेपाल

........................
भवश्री न्यौपाने
प्रमुख

भवश्री न्यौपाने
नगर प्रमुख

CamScanner